स्थानीय सरकार
मेलुङ गाउँपालिका
མེ་ལུང་ གཱ་ཨུཾ་པ་ལི་ཀཱ| मेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पत्र सङ्ख्या : २०८२/०८३ (शिक्षा)
चलानी नम्बर : ६४८
भेदपु, दोलखा
बागमती प्रदेश, नेपाल

मितिः २०८२/०७/३०
ने.सं. ११४६ कछलागा द्वदशी

विषयः मेलुङ गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा सहभागिता सम्बन्धमा ।

श्री माध्यमिक तह (कक्षा १-१०/१-१२)
सञ्चालित विद्यालयका प्रधानाध्यापक ज्यूहरु,

प्रस्तुत विषयमा मेलुङ गाउँपालिका गाउँ शिक्षा समिति एवम् गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको २०८२ कार्तिक २८ गते बसेको संयुक्त बैठकको निर्णयानुसार मेलुङ गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्ने निर्णय भएकोले उक्त प्रतियोगितामा आफ्ना विद्यालयबाट खेलाडीहरु सहभागी गराई दिन हुन हार्दिक अनुरोध गरिन्छ। साथै प्रतियोगिताको उद्घाटन कार्यक्रममा मार्च पास/पीटी प्रदर्शन गराई दिनु भई कार्यक्रमको आकर्षण वढाइ दिन हुन समेत अनुरोध गरिन्छ। यसै पत्रका साथ प्रतियोगिता सम्वन्धी नियम र खेलाडी फारम समेत संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

०८/३०
..........
(कमल श्रेष्ठ)
शिक्षा अधिकृत

१. मेलुङ गाउँपालिका स्तरीय छनोट प्रतियोगिताः
   मितिः २०८२ मंसिर १४, १५, १६ र १७ गते
   स्थानः मेलुङ टुडिखेल, मेलुङ- ६, दोलखा
   सुरु हुने समयः विहान ८:०० वजे
   सम्पर्क मितिः २०८२ मंसिर ३ गते कार्यालय भित्र
   सम्पर्क नं. ९८४९१३९३१४, ९८६०५१३५३६

नोटः
*१. सहभागी खेलाडीको नाम, कक्षा, सहभागी हुने खेल विधा विद्यालयको लेटरप्याडमा लेखेर अनिवार्य रुपमा आयोजकलाई पेस गरिएको हुनु पर्ने छ। अन्यथा सुविधा दावी गर्न सकिने छैन।*
*२. सहभागी हुने खेलाडीको फारम तोकिएको ढाँचामा अनिवार्य रुपमा भर्नु पर्ने छ। कक्षा ६ देखि १२ सम्म नियमित अध्ययनरत विद्यार्थीले मात्र सहभागी हुन पाउने छन्। अन्य तहका खेलाडी सहभागी भएमा खेलाडीको पदक खोसिनेछ भने विद्यालयले अर्को वर्षको प्रतियोगितामा सहभागी हुन पाउने छैन र यस कुरालाई सञ्चार माध्यमवाट सार्वजनिक गरिनेछ।*